**मिति २०७९ असार ८ गते बुधबार (वि.सं. २०७९।३।८) तुलसीपुर उपमहानगरपालिकाको १३३औं कार्यपालिका बैठका निर्णयहरु :**

**निर्णय नं. १**

तुलसीपुर उपमहानगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को बजेट तथा कार्यक्रम मिति २०७९।३।१० गते बस्ने तुलसीपुर उपमहानगरपालिकाको ११औं नगरसभाको दोश्रो बैठकमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

तुलसीपुर उपमहानगरपालिकामा सञ्चालन भएका एम्बुलेन्स चालकहरुको पारिश्रमिकको सम्बन्धमा १ नं. वडा कार्यालयबाट लेखि आएकोले वडामा परिचालन भएका एम्बुलेन्स चालकहरुलाई एम्बुलेन्स सञ्चालन तथा ब्यवस्थापन निर्देशिका बमोजिम सम्बन्धीत वडामा भएको एम्बुलेन्स सञ्चालन कोषबाट भुक्तानी दिने र निज चालकहरले हालसम्म एम्बुलेन्स सञ्चालनबाट प्राप्त आम्दानी समेत सम्बन्धीत वडाको वडा अध्यक्ष समक्ष बुझाई हिसाव मिलान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

तुलसीपुर उपमहानगरपालिकाको सुशासन कायम गर्न तथा कार्यप्रर्णालीलाई ब्यवस्थित गर्न तपसिलका समिति गडन गर्ने निर्णय गरियो ।

**तपसिल**

१.सहकारी समिति : श्री खुसिराम चौधरी संयोजक

२.प्राकृतिक श्रोत परिचालन तथा अनुगमन समिति : श्री शंकरकुमार खडका संयोजक

३. खेलकुद समिति : श्री शिवानन्द डिसी संयोजक

टिकाराम खड्का
नगर प्रमुख

मोहन पौडेल
प्रमुख प्रशासकीय अधिकृत